नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाई विभाग

भेरी बबई डाईभर्सन वहुउद्देश्यीय आयोजना, सुर्खेतको

सुचनाको हक सम्वन्धी विवरण (आ.ब. २०८२/०८३ सम्मको प्रगती विवरण सहित स्वत: प्रकाशन)

निकायको स्वरूप र प्रकृति

भेरी ववइ डाइभर्सन आयोजना ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत जलस्रोत तथा सिंचाइ विभागबाट (साविक सिंचाइ विभागबाट) कार्यान्वयन भईरहेको राष्ट्रिय गौरवको आयोजना हो । यस आयोजनामा नेपालमा पहिलो पटक **Tunnel Boring Machine (TBM)** प्रयोग गरी सफलतापुर्वक समयमा नै सुरुङ्ग निर्माण गर्ने कार्य सफलताका साथ सम्पन्न सकेको छ ।नेपाल जस्तो भौगोलिक संरचना भएको मुलुकमा पूर्वाधार विकासको लागि प्रविधि विकासमा ठूलो फड्को मार्ने पहिलो डाइभर्सन बहुउद्देश्यीय समेत भएकोले यो आयोजनाको वहुआयामिक दिर्घकालिन तथा विशेष महत्व र प्रकृतिको रहेको छ ।

निकायको काम, कर्तव्य र अधिकार

यस आयोजना अन्तर्गत सुर्खेत जिल्लाको भेरीगङ्गा नगरपालिका वडानं. ११ को चिप्ले स्थित भेरी नदीमा १४५ मीटर लामो व्यारेज सहित १५७ मीटर सेटलिङ्ग बेसिन र ४.२ मीटर व्यास र १२.२ कि.मी. लामो सुरुङ्ग मार्फत ४० घनमिटर प्रति सेकेण्ड पानी भेरीगङ्गा नगरपालिका वडानं. ५ हात्तिखाल स्थित बबई नदीमा किनारमा अवस्थित पाउरहाउसवाट ४६.८ मेगावाट विद्युत उत्पादनको क्षमताको बिद्युत गृहवाट करिव ४०० गिगावाट आवर विद्युत उत्पादन गरिनेछ। आयोजना सम्पन्न भएपछि विध्युत उत्पादनसंगै भेरी नदिवाट प्राप्त हुने ४० घनमिटर प्रतिसेकेण्ड पानी निरन्तर रुपमा बबई नदीमा थप उपलब्ध हुने छ। यसरी बबई नदिको वहावमा थप पानीबाट बबई सिंचाई आयोजना मार्फत बर्दिया र बाँके जिल्लाका करीव ३६,००० हेक्टर तथा बबई

मानखोला डाईभर्सन आयोजना मार्फत वांके जिल्लामा थप १५,००० हेक्टर गरि जम्मा ५१,००० हेक्टर भुमिमा बाह्रै महिना सिंचाइ सुविधा सुनिश्चित हुनेछ। बबई नदीमा उपलव्ध हुन आउने पानी मध्ये करिव १५ घनमिटर प्रतिसेकेण्ड वहावलाई सिधै उपयोग गरेर अर्को बबई मानखोला डाईभर्सन आयोजना निर्माण गर्ने गरि अध्ययन भई सकेकोले आगामी दिनमा कार्यान्वयन गर्ने लक्ष्य रहेको छ ।

आयोजना विकासको लागि आयोजना कार्यालय विरेन्द्रनगर, सुर्खेतमा मिति २०६८-०५-०७ मा स्थापना गरी निर्माण कार्य आ. व. २०६८।०६९ मा शुरु गरिएको थियो र २०८७।०८८ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ ।अद्यावधिक गुरुयोजना अनुसार आयोजनाको कुल लागत रु ३३ अर्व १९ करोड ६६ लाख रहेको छ।यस आयोजनाको हाल सम्म समष्टिगत भौतिक प्रगती (बबई मानखोला डाईभर्सन वाहेक) ७० प्रतिशत र वित्तिय प्रगती ६८ प्रतिशत रहेको छ। नेपाल सरकारद्वारा राष्ट्रिय गौरवको आयोजनाका रुपमा घोषणा भई नेपाल सरकारकै स्रोतमा कार्यान्वयन भईरहेको यो बहुउद्देश्यीय जल पथानान्तरण आयोजना हो।



फोटो १: भेरी नदी र बबई नदीको जलाधार क्षेत्र

सम्पादन गरेका कामको विवरण तथा प्रगती (सञ्चालित मुख्य ठेक्काहरुको विवरण सहित)

आयोजनाका ५ वटा मुख्य ठेक्काहरु मध्ये पहिलो चरणको सुरुङ्ग निर्माण कार्य सम्पन्न भईसकेको छ भने दोस्रो चरण अन्तर्गतको सिभिल निर्माण कार्य, तेस्रो चरण अन्तर्गतको हाईड्रो मेकानिकल निर्माण कार्य र चौथो चरण अन्तर्गतको ईलेक्ट्रो मेकानिकल निर्माण कार्य कार्यान्वयनको चरणमा रहेका छन् भने पाँचौ चरण अन्तर्गतको प्रसारण लाइन निर्माण कार्यको वातावरणीय प्रभाव मुल्यांकन (EIA) का लागी पुर्व सहमती लिने प्रकृयामा रहेको छ । वातावरणीय अध्ययन सम्पन्न भएपश्चात प्रशारण लाईन निर्माण सम्वन्धी खरिद प्रकृयामा जानुपर्ने छ। आयोजनाको हालसम्मको समग्र प्रगति ७०% रहेको छ। विद्युत उत्पादन तथा प्रशारण लाईन निर्माण गरि विद्युत प्रशारण गर्ने सम्मको बाँकी काम ३ वर्ष भित्रै सम्पन्न गर्ने गरि आयोजना निर्माणको रफ्तार वढाउनु पर्ने देखिएको छ।

क) सुरुङ्ग निर्माण कार्य

निर्माण व्यवसायीको नाम: China Overseas Engineering Company Ltd.	
खरिद सम्झौता मिति: 29 Jan, 2015	खरिद सम्झौता रकम: १० अर्ब ५६ करोड ९६।३२ लाख
निर्माण सुरु मिति: 3 June, 2015	निर्माण अवधि: १७६० + (१७५) दिन
मुख्य विशेषता: Tunnel boring Machine (TBM) प्रविधिको प्रयोग; ४.२० मीटर व्यास भएको १२.२० किलोमीटर लामो सुरुङ्ग	

ख) सिभिल निर्माण कार्य

निर्माण व्यवसायीको नाम: Guangdong Yuantian – Raman JV	
खरिद सम्झौता मिति: 29 July, 20219	खरिद सम्झौता रकम: ६ अर्ब ८८ करोड ८९ लाख
निर्माण सुरु मिति: 15 August, 2019	निर्माण अवधि: १४६० + (३७०+३६४+२३०+३०+२१०) दिन २०८३।०८।११ सम्म सम्झौताको म्याद कायम
सम्पादित निर्माण कार्य: मुख्य बाँधको ६ वटा बे मध्ये २ वटा वे सम्पन्न हुने चरणमा रहेको; Settling Basin को ७०% निर्माण सम्पन्न भएको; पेनस्टक पाईपका लागी एन्कर व्लक लगाएतका संरचना, पावरहाउस र सर्जसाफ्टको निर्माण कार्य सुरु भएको। भौतिक प्रगति ४८ प्रतिशत र वित्तिय प्रगति ४३।०६ प्रतिशत	

ग) हाईड्रो मेकानिकल निर्माण कार्य

निर्माण व्यवसायीको नाम: Zhejiang Orient Engineering Co., Ltd.	
खरिद सम्झौता मिति: 23 November, 2021	खरिद सम्झौता रकम: २ अर्ब १३ करोड ७४।९३ लाख
निर्माण सुरु मिति: 21 December, 2021	निर्माण अवधि: १०९५ +(३६२+२८५) दिन २०८३।०६।११ सम्म म्याद कायम रहेको।
सम्पादित मुख्य कार्यहरु: गेट स्टपलग र पेनस्टक पाइपको उत्पादन कार्य ८५% सम्पन्न भईसकेको; साईटमा जडान कार्य शुरु भएको। भौतिक प्रगति ६० प्रतिशत र वित्तिय प्रगति ५६।१४ प्रतिशत	

घ) ईलेक्ट्रो मेकानिकल निर्माण कार्य

निर्माण व्यवसायीको नाम: Zhejiang Orient Engineering Co., Ltd.	
खरिद सम्झौता मिति: 4 August, 2022	खरिद सम्झौता रकम: ३ अर्ब २८ करोड ८०।२२ लाख
निर्माण सुरु मिति: 1 September, 2022	निर्माण अवधि: १०९५ +(३९९) दिन सम्झौताको म्याद २०८३।०६।१८ सम्म कायम रहेको ।
सम्पादित मुख्य कार्यहरु: टर्वाईन, जेनेरेटर, ट्रान्सफर्मर, ओभरहेड क्रेनको उत्पादन कार्य सम्पन्न भईसकेको; जडान कार्य बाँकी रहेको। विद्युतगृहमा आवश्यक सम्मिलित भागहरु (Embedded Parts) राख्ने कार्य भैरहेको। भौतिक प्रगति ५५ प्रतिशत र वित्तिय प्रगति ५३।११ प्रतिशत	

ङ) प्रसारण लाइन संभाब्यता अध्ययन तथा सम्वन्धी कार्यहरु : आयोजनावाट उत्पादित विद्युतलाई कोहलपुर सुर्खेत १३२ केभी प्रशारण लाईन मार्फत केन्द्रिय प्रशारण प्रणालीमा आवद्द गर्न आयोजनावाट उक्त प्रशारण लाईन सम्म करिव १७०० मिटर प्रशारण लाईन निर्माण गर्नुपर्ने देखिएको छ । प्रशारण लाईन निर्माण सम्वन्धी अध्ययन कार्य आयोजनावाट सम्पन्न भई कृषि वन तथा पर्यावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मुल्यांकन (EIA) अध्ययन सहमती प्राप्त भई परामर्शदाता मार्फत उक्त अध्ययनको कार्य जारी रहेको छ।

आयोजना प्रमुख सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको नाम, पद, सम्पर्क विवरण

आयोजना प्रमुख: श्री हरिदत्त पौडेल, मोवाईल नम्वर: ९८५८०३९५५०,

सुचना अधिकारी: श्री हरिवहादुर थापा सिनियर डिभिजनल ईञ्जिनियर, मोवाईल नम्वर: ९८५८०७८७८१,

गुनासो सुन्ने अधिकारी: श्री भरत पाठक मोवाईल नम्वर: ९८५६०५५६००,

फोन नम्वर:०८३-५२५४३८, ईमेल: bbdmpnepal@gmail.com

आयोजना कार्यालय: वीरेन्द्रनगर सुर्खेत तथा साईट कार्यालयहरु: चिप्ले, भेरीगङ्गा र हात्तिखाल, बबई

लागू ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि आदिको सूची

नेपालमा जलविद्युत, सिंचाई तथा तटबन्ध (नदी नियन्त्रण/व्यवस्थापन) योजना तयारी, निर्माण र विकास व्यवस्थापन एवं आर्थिक तथा खरिद प्रकृयासंग सम्बन्धी मुख्य नीति, कानून, नियमावली, निर्देशिका तथा कार्यविधिहरूको सूची निम्नानुसार छ।

१. मुख्य नीतिहरू (Policies)

जलस्रोत रणनीति २०५८ (Water Resources Strategy, 2002)
जलविद्युत विकास नीति, २०५८ (Hydropower Development Policy, 2001)
राष्ट्रिय जलयोजना २०६२(National Water Plan, 2005)
राष्ट्रिय जलस्रोत नीति, २०७७ (National Water Resources Policy, 2020/2077),
सिंचाई नीति, २०८० (Irrigation Policy, 2023)

नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन राष्ट्रिय नीति, २०८० (National Policy on River and Water-Induced Disaster Management, 2080)

२. ऐनहरू (Acts/Laws)

जग्गा खरिद ऐन २०३४

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ (Nepal Electricity Authority Act, 1984)

जलस्रोत ऐन, २०४९ (Water Resources Act, 1992)

विद्युत ऐन, २०४९ (Electricity Act, 1992)

सार्वजनिक खरिद ऐन २०६३

वातावरण संरक्षण ऐन, २०७६ (Environment Protection Act, 2019)

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६

३. नियमावलीहरू (Regulations/Rules)

सार्वजनिक खरिद नियमावली २०६४

जलस्रोत नियमावली, २०५० (Water Resources Rules, 1993)

विद्युत नियमावली, २०५० (Electricity Rules, 1993)

सिंचाई नियमावली, २०५६ (Irrigation Rules, 2000)

वातावरण संरक्षण नियमावली, २०७७

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७

४. निर्देशिका, कार्यविधि, मापदण्ड तथा म्यानुअलहरू (Directives, Procedures, Guidelines & Manuals)

विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (Directive on Licensing of Hydropower Projects, 2018)
चौथो संशोधन सहित

जलविद्युत आयोजना अध्ययन सम्बन्धी निर्देशिका, २०१८

पावरहाउस डिजाइन निर्देशिका, २०१८

हाइड्रोपावर प्लान्ट, सबस्टेसन तथा प्रसारण लाइन सञ्चालन तथा मर्मत सम्बन्धी निर्देशिका, २०१७
कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८१
सिंचाई मास्टर प्लान, २०१९ (अद्यावधिक २०२४)

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

वीरेन्द्रनगर, सुर्खेत

नागरिक बडापत्र

१. आयोजनाको उद्देश्य :-	भरी नदीको ४० घ.मी. पानीलाई १२.२ कि.मी. लोमो सुरुङबाट बबई नदी नदीमा पथान्तरण गरी बबई सिंचाइ आयोजना मार्फत बर्दिया र बाँकि जिल्लाहरुमा कूल ५१,००० हेक्टर जमीनमा वर्षैभरी सिंचाइ सुविधा पुन्याउने प्रमुख उद्देश्य रहेको यस आयोजनाबाट ४६.८० मेगावाट जल विद्युत समेत उत्पादन गरी देशको ऊर्जा क्षेत्रमा थप योगदान पुयाउने।
२. सेवाको प्रकारः	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाले सुर्खेत जिल्लाको भेरीगंगा न.पा., चिप्लेमास्थित भेरी नदीको पानीलाई बाँध बाँधी १२.२ कि.मी. लामो सुरुङ मार्फत बबई नदीमा पानी पथान्तरण गर्ने।
३. यस आयोजना बाट लाभान्वित हुने क्षेत्रहरु :-	बाँके र बर्दिया जिल्लाहरु।
४. सेवाको गुणस्तर :-	निर्दिष्ट भए अनुरुप विश्वशनीय र भरपर्दो।
५. सूचना सम्म पहुँच :-	व्यक्तिगत सम्पर्क, कार्यालयको सूचना पाटी, पत्रपत्रिका, टिभी, एफ.एम. रेडियो, एवं वेबसाइट, इमेल, सामाजिक संजाल ।
६. उजुरी गर्ने प्रकृयाहरु :-	मौखिक वा निवेदन दिएर, इमेल मार्फत ।
७. सेवा वापत लाग्ने दस्तुर :-	नेपाल सरकारको सिंचाइ नीति, नियममा उल्लेख भए अनुसार।
८. सेवा उपलब्ध हुनेः-	यस आयोजना अन्तर्गत हेडवर्क्स को डुबान क्षेत्र र बबई नदीमा निर्माण हुने पावरहाउस क्षेत्रमा नदी नियन्त्रण, सडक, सिंचाइ कुलो, लिफ्ट सिचाइ, खानेपानी लगायतका कार्यक्रमहरु आवश्यकता अनुरुप संचालन गराउने। आयोजनाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित समुदायमा विभिन्न सीप विकास तथा क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु संचालन गराउने। आयोजनाबाट अधिग्रहण भएका जग्गाको मुआब्जा वितरण तथा उपलब्ध गराउने।
९. सम्बन्धित ऐन नियमहरु :-	जलस्रोत ऐन, सिंचाइ नीति एवं नियमावली, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, सार्वजनिक खरिद ऐन एवं नियमावली तथा जग्गा प्राप्ति ऐन र अन्य प्रचलित नियमहरु।
१०. लाग्ने समय :-	कामको प्रकृति अनुसार ।
११. गुनासो सुनुवाइ र समाधान व्यवस्था :-	गुनासोको आधारमा तुरुन्त सुनुवाइ गरी समाधानको लागि यथाशिघ्र पहल गरिने।
१२. गुनासो सुन्ने अधिकारी :-	भरत पाठक, सिनियर डिभिजनल ईन्जिनियर
	०८३-५२५४३८
१३. कार्यालयको फोन नं.:-	०१-५५२२१६१ (सम्पर्क कार्यालय जावलाखेल, ललितपुर।
	९८५८०७८७८१ (सूचना अधिकारी)
१४. वेवसाइट :-	www.bbdmp.gov.np
१५. इमेल :-	bbdmpp@gmail.com, bbdmp.nepal@gmail.com

आयोजनावाट सञ्चालित भेरी कोरिडोर तथा जलाधार क्षेत्रको सामाजिक विकास कार्यहरु

आयोजना प्रस्तावित क्षेत्रका आधारमा यसको जलाधार क्षेत्र तथा भेरी नदी वरपरलाई विशेष प्राथमिकतामा राखेर यंहा आर्थिक सामाजिक उन्नती तथा पूर्वाधार विकासमा आयोजना स्थापनाकाल देखि नै निरन्तर कार्य गर्दै आईरहेको छ। विद्यालय भवन र यसका विभिन्न संरचनाहरुको मर्मत सम्भार सामुदायिक भवनहरु सामुदायिक खानेपानी आयोजना विद्युत सेवा शौचालयहरु तथा सतह तथा लिफ्टिङ्ग प्रविधिवाट सिंचाई संरचना विस्तार र नदी नियन्त्रणका कार्यहरु निरन्तर रुपमा हुंदै आएका छन। वर्दिया राष्ट्रिय निकुञ्ज भित्र समेत वन्यजन्तुमैत्री पुर्वाधार निर्माण र सुरक्षा संयन्त्रसंगको समन्वयमा विभिन्न कार्यहरु हुंदै आएका छन। यसले स्थानीयवासीका दैनिक जीविकोपार्जन तथा आर्थिक सामाजिक उन्नतीमा उल्लेख्य प्रभाव पार्दै आएको छ। आयोजना सञ्चालन पश्चात यस क्षेत्रमा रोजगारी अवसर वृद्दि एवं आर्थिक कृयाकलापहरुमा सकारात्मक प्रभाव परेको छ। आयोजना प्रस्तावित क्षेत्रको सामाजिक विकास तथा पुर्वाधार निर्माणका कार्यलाई थप व्यवस्थित दिगो र प्रभावकारी वनाउने हेतुले यस आयोजनाका अलावा मन्त्रालयवाट स्विकृत अलग्गै गुरुयोजना अनुसार सिंचाई तथा जलस्रोत विभागवाट भेरी कोरिडोर सिंचाई तथा नदी व्यवस्थापन कार्यालय समेत स्थापना भई विगत ३ वर्ष देखि कृयाशिल रहदै आएको छ। उक्त कार्यालयवाट मात्रै यस आयोजनाको अलग्गै वजेट शिर्षक मार्फत आर्थिक वर्ष २०८२।०८३ सम्म गरी १ अर्व ५२ करोड भन्दा वढि लगानी भैसकेको छ।

क. लागू ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि आदिको सूची

नेपालमा जलविद्युत, सिंचाई तथा तटबन्ध (नदी नियन्त्रण/व्यवस्थापन) योजना तयारी, निर्माण र विकास व्यवस्थापन एवं आर्थिक तथा खरिद प्रकृयासंग सम्बन्धी मुख्य नीति, कानून, नियमावली, निर्देशिका तथा कार्यविधिहरूको सूची निम्नानुसार छ।

ख. मुख्य नीतिहरू (Policies)

जलस्रोत रणनीति २०५८ (Water Resources Strategy, 2002)
जलविद्युत विकास नीति, २०५८ (Hydropower Development Policy, 2001)
राष्ट्रिय जलयोजना २०६२(National Water Plan, 2005)
राष्ट्रिय जलस्रोत नीति, २०७७ (National Water Resources Policy, 2020/2077),

सिंचाई नीति, २०८० (Irrigation Policy, 2023)
नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन राष्ट्रिय नीति, २०८० (National Policy on River and Water-Induced Disaster Management, 2080)

ग. ऐनहरू (Acts/Laws)

जग्गा खरिद ऐन २०३४
नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ (Nepal Electricity Authority Act, 1984)
जलस्रोत ऐन, २०४९ (Water Resources Act, 1992)
विद्युत ऐन, २०४९ (Electricity Act, 1992)
सार्वजनिक खरिद ऐन २०६३
वातावरण संरक्षण ऐन, २०७६ (Environment Protection Act, 2019)
आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६

घ. नियमावलीहरू (Regulations/Rules)

सार्वजनिक खरिद नियमावली २०६४
जलस्रोत नियमावली, २०५० (Water Resources Rules, 1993)
विद्युत नियमावली, २०५० (Electricity Rules, 1993)
सिंचाई नियमावली, २०५६ (Irrigation Rules, 2000)
वातावरण संरक्षण नियमावली, २०७७
आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७

ङ. निर्देशिका, कार्यविधि, मापदण्ड तथा म्यानुअलहरू (Directives, Procedures, Guidelines & Manuals)

विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (Directive on Licensing of Hydropower Projects, 2018) चौथो संशोधन सहित
जलविद्युत आयोजना अध्ययन सम्बन्धी निर्देशिका, २०१८
पावरहाउस डिजाइन निर्देशिका, २०१८

हाइड्रोपावर प्लान्ट, सबस्टेसन तथा प्रसारण लाइन सञ्चालन तथा मर्मत सम्बन्धी निर्देशिका, २०१७
कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८१
सिंचाई मास्टर प्लान, २०१९ (अद्यावधिक २०२४)

च. आयोजनाको नागरिक बडापत्र

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

वीरेन्द्रनगर, सुर्खेत

नागरिक बडापत्र

१. आयोजनाको उद्देश्य :-	भरी नदीको ४० घ.मी. पानीलाई १२.२ कि.मी. लोमो सुरुङबाट बबई नदी नदीमा पथान्तरण गरी बबई सिंचाइ आयोजना मार्फत बर्दिया र बाँके जिल्लाहरुमा कूल ५१,००० हेक्टर जमीनमा वर्षैभरी सिंचाइ सुविधा पुऱ्याउने प्रमुख उद्देश्य रहेको यस आयोजनाबाट ४६.८० मेगावाट जल विद्युत समेत उत्पादन गरी देशको ऊर्जा क्षेत्रमा थप योगदान पुयाउने।
२. सेवाको प्रकारः	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाले सुर्खेत जिल्लाको भेरीगंगा न.पा., चिप्लेमास्थित भेरी नदीको पानीलाई बाँध बाँधी १२.२ कि.मी. लामो सुरुङ मार्फत बबई नदीमा पानी पथान्तरण गर्ने।
३. यस आयोजना बाट लाभान्वित हुने क्षेत्रहरु :-	बाँके र बर्दिया जिल्लाहरु।
४. सेवाको गुणस्तर :-	निर्दिष्ट भए अनुरुप विश्वशनीय र भरपर्दो।
५. सूचना सम्म पहुँच :-	व्यक्तिगत सम्पर्क, कार्यालयको सूचना पाटी, पत्रपत्रिका, टिभी, एफ.एम. रेडियो, एवं वेबसाइट, इमेल, सामाजिक संजाल ।
६. उजुरी गर्ने प्रकृयाहरु :-	मौखिक वा निवेदन दिएर, इमेल मार्फत ।
७. सेवा वापत लाग्ने दस्तुर :-	नेपाल सरकारको सिंचाइ नीति, नियममा उल्लेख भए अनुसार।
८. सेवा उपलब्ध हुनेः-	यस आयोजना अन्तर्गत हेडवर्क्स को डुबान क्षेत्र र बबई नदीमा निर्माण हुने पावरहाउस क्षेत्रमा नदी नियन्त्रण, सडक, सिंचाइ कुलो, लिफ्ट सिचाइ, खानेपानी लगायतका कार्यक्रमहरु आवश्यकता अनुरुप संचालन गराउने। आयोजनाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित समुदायमा विभिन्न सीप विकास तथा क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु संचालन गराउने। आयोजनाबाट अधिग्रहण भएका जग्गाको मुआब्जा वितरण तथा उपलब्ध गराउने।
९. सम्बन्धित ऐन नियमहरु :-	जलस्रोत ऐन, सिंचाइ नीति एवं नियमावली, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, सार्वजनिक खरिद ऐन एवं नियमावली तथा जग्गा प्राप्ति ऐन र अन्य प्रचलित नियमहरु।
१०. लाग्ने समय :-	कामको प्रकृति अनुसार ।
११. गुनासो सुनुवाइ र समाधान व्यवस्था :-	गुनासोको आधारमा तुरुन्त सुनुवाइ गरी समाधानको लागि यथाशिघ्र पहल गरिने।
१२. गुनासो सुन्ने अधिकारी :-	भरत पाठक, सिनियर डिभिजनल ईन्जिनियर
	०८३-५२५४३८
१३. कार्यालयको फोन नं.:-	०१-५५२२१६१ (सम्पर्क कार्यालय जावलाखेल, ललितपुर।
	९८५८०७८७८१ (सूचना अधिकारी)
१४. वेवसाइट :-	www.bbdmp.gov.np
१५. इमेल :-	bbdmpp@gmail.com, bbdmp.nepal@gmail.com

छ. सुचना सम्प्रेषण तथा संचारका विविध डिजिटल तथा परम्परागत माध्ययमहरु

आयोजनाको वेभसाईट, सामाजिक सञ्जाल

नियमित प्रकाशनहरु

ईमेल तथा फोन मोवाईल मार्फत सञ्चार समन्वय

ग्रुप मेसेन्जर ह्वाटस् एप

निरन्तर सिसि क्यामरा अनुगमन

सार्वजनिक खरीद अनुगमन कार्यालयको EGP Portal को उपयोग

प्रगती विवरण तथा अनुगमन प्रणाली प्रविष्ट गर्ने प्रणाली

सुचना समन्वय तथा जानकारीका लागी सुचना अधिकारी तथा आयोजना सम्वन्धी गुनासोहरु प्राप्त भएमा सोको समयमै सम्वोधनका लागी गुनासो सुन्ने अधिकारीको व्यवस्था

निकायमा रहेका कर्मचारी संख्या र कार्य विवरण

नेपाल ईन्जिनियरिङ्ग सेवा सिभिल समुह ईरिगेशन उपसमुहका राजपत्रांकित प्रथम श्रेणीका आयोजना निर्देशक प्रमुख रहने यस आयोजनाका लागी नेपाल सरकारवाट ३४ जनाको दरवन्दी स्विकृत भएकोमा हाल आयोजना निर्देशक सहित २२ जना कर्मचारीहरु कार्यरत रहेका छन। यस मध्ये २२ जना प्राविधिक कर्मचारीको दरवन्दी रहेकोमा ११ जना मात्र प्राविधिक कर्मचारी कार्यरत रहेको अवस्था छ ।

सि.नं	दरबन्दी विवरण					आ.व.२०८२/८३ मा कायम भएको दरबन्दी सम्वन्धी विवरण		पूर्ति र किसिम स्थायी/करार	कैफियत
	पद	श्रेणी	सेवा	समूह	उपसमूह	जम्मा दरवन्दी संख्या	रिक्त संख्या		
१	आयोजना निर्देशक	रा.प. प्रथम	इन्जि	सिभिल	इरिगेशन	१		स्थायी	

२	सि डि ई	रा.प.द्वितीय	इन्जि	सिभिल	इरिगेशन	३	१	स्थायी	
३	सि डि ई हा.जि.	रा.प.द्वितीय	इन्जि	जियो	हाड्रोजीयो	१	१	स्थायी	
४	सि डि ई हा.पा.	रा.प.द्वितीय	इन्जि	सिभिल	हा.पा.	१	१	स्थायी	
५	सि डि ई मेका	रा.प.द्वितीय	इन्जि	मेका	नि.उ.स.	१		स्थायी	
६	सि डि ई ईले	रा.प.द्वितीय	इन्जि	इले	जन.इले	१		स्थायी	
७	उपसचिव(लेखा)	रा.प.द्वितीय	प्रशासन	लेखा		१	१	स्थायी	
८	इन्जिनियर	रा.प.तृ.	इन्जि	सिभिल	इरिगेशन	६	२	स्थायी	
९	इन्जिनियर	रा.प.तृ.	इन्जि	सिभिल	हा.पा.	१	१	स्थायी	
१०	इन्जिनियर	रा.प.तृ.	इन्जि	इले	जन.इले	१	१	स्थायी	
११	इन्जिनियर	रा.प.तृ.	इन्जि	मेका	नि.उ.स.	१		स्थायी	
१२	इन्जि. जियोलोजिष्ट	रा.प.तृ.	इन्जि	जियो	इन्जिजियो	१		स्थायी	
१३	नायव सुब्बा	रा.प.अनं प्रथम	प्रशासन	सामान्य प्रशासन		१		स्थायी	
१४	लेखापाल	रा.प.अनं प्रथम	प्रशासन	लेखा		१		स्थायी	
१५	सव-इन्जिनयर	रा.प.अनं प्रथम	इन्जि	सिभिल	इरिगेशन	४	४	स्थायी	
१६	कम्प्युटर अपरेटर	रा.प.अनं प्रथम	विविध			१		स्थायी/करार	
१७	ह.स.चा	श्रेणीविहिन	इन्जि	मेका	जन. मेका	४		करार	
१८	का.स	श्रेणीविहिन	प्रशासन	सा. प्रशासन		४		करार	
जम्मा						३४	१२		

निकायबाट प्रदान गरिने सेवा

- आ.व. २०८७-०८८ सम्म आयोजना सम्पन गरी वांके र वर्दियाको ५१,००० हेक्टर जमिनमा वाह्रै महिना सिंचाइ सेवा उपलव्ध गराउनका लागी नपुग हुने पानीको व्यवस्थापन गर्ने साथै गराईनुका साथै, ४६.८ मे.वा जलविद्युत उत्पपादन गरिने छ। आयोजना निर्माण पश्चात भेरी नदीवाट बबई नदीमा प्राप्त हुने ४० घनमिटर प्रतिसेकेण्ड पानी मध्ये दोस्रो चरणमा १५ घनमिटर प्रतिसेकेण्ड पानी बबईवाट मानखोलामा लैजाने गरि अर्को बबई मानखोला डाईभर्सन वहुउदेश्यीय आयोजना समेत निर्माण गरिने लक्ष्य रहेको छ । यसका अलावा आयोजना प्रभावित क्षेत्रका लागि सामाजिक आर्थिक दायित्वका निर्वाहका लागि विगतमा शुरु गरिएका सामाजिक विकास सम्वन्धी कार्यहरुलाई पनि संरक्षण र प्रोत्साहन गरिने छ ।

भेरी-ववई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको फाइदाहरु

भेरी-ववई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट निम्न फाईदा लिन सकिन्छः

- भेरी-ववई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट ५१,००० हेक्टर जमिनमा वाह्रै महिना सिंचाइ सेवा उपलव्ध गराउन पानी सुनिश्चित गर्ने, ४६.८ मेगावाट जलविद्युत (फर्म पावर) को साथै अन्य आमोद- प्रमोद, पर्यटन तथा वातावरणीय फाइदा लिन सकिनेछ;
- भेरी-ववई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट हाल निर्माणाधिन ववई सिंचाइ प्रणालीमा भरपर्दो तरिकावाट बाह्रै महिना सिंचाइ सुविधा पुर्याई साथै सतह र भुमिगत जलस्रोतको संयोजनात्मक रुपमा दिगो उपयोगबाट उक्त क्षेत्रको उर्वर भुमिवाट कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरी हाल कृषिमा भएको आयातको असन्तुलन Trade Deficit कम गर्न मद्दत पुर्याउनेछ;
- नेपालको हाईड्रोलोजी अनुसार ववइ वेसिनमा सुक्खा समयमा हुने जलश्रोतको अपर्यप्ततालाई पुर्ति गर्ने उपयुक्त विकल्प हुनेछ;
- बांके र बर्दिया क्षेत्रमा भुमिगत जलस्रोतको उपयोगवाट भूपानीको सतह घट्न थलेकोले भेरी-ववई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट भूमिगत जलस्रोत रिचार्ज हुने र यसबाट दीर्घकालिन रुपमा उक्त क्षेत्रको दिगो जलस्रोतको व्यवस्थापन हुनुको साथै वातावरणीय फाईदा लिन सकिनेछ;
- जलवायु परिवर्तनको कारणवाट आउने समस्याहरु निराकरणको लागि भेरी-ववई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट बहुउद्देश्यीय, जलाशययुक्त, अन्तरजल स्थान्तरण जस्ता आयोजनाहरुको विकास उपयुक्त विकल्प हुनेछ;
- भेरी-ववई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट सार्बजनिक क्षेत्र (नवगठित जलस्रोत तथा सिंचाइ विभाग) को बहुउद्देश्यीय तथा अन्तरजलाधार जलस्रोत आयोजनाहरुको विकासको लागि क्षमता अभिवृद्धि हुनुको साथै यस्तै प्रकृतिका अन्य आयोजनाहरु निर्माण गर्न सहयोगी हुनेछ ।

आयोजनाका पक्षहरुको विश्लेषण (SWOT Analysis)

सवल पक्ष (Strengths)

भेरी बबइ डाइभर्सन आयोजनाको सवल पक्षहरु निम्न रहेका छन;

- पहाडमा उपलव्ध तुलनात्मक रुपमा दिगो (Snow melt based) रहेको पर्याप्त जलस्रोतलाई समथर तराईको भुभागमा पुर्याई नदी पथान्तरण माध्ययमवाट वाह्रै महिना सिंचाईको सुविधा सुनिश्चित गर्ने रहेको छ,
- आयोजनावाट सिंचाइ सेवा, जलविद्युत तथा अन्य फाइदा लिन सकिने आकर्षक आयोजनाको रुपमा रहेको छ,
- मुख्य चुनौती रहेको टनेल निर्माण कार्यको प्रगती र पहिलोपटक प्रयोगमा ल्याइएको टनेल बोरिङ मेसिनको प्रगती उत्साहजनक रहेको, आयोजनाको विस्तृत अध्ययन तथा वातावरणीय अध्ययन सम्पन् भई डिजाइन पुनरावलोकन कार्य समेत सम्पन्न भई बांकी निर्माण कार्य सुरु गर्न सक्ने अवस्थामा रहेको छ,
- नेपाल सरकारले भेरी बबइ डाइभर्सन आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा लिइ प्राथमिकताको साथ कार्यान्वयनमा लगेको (बजेट तथा अन्य स्रोतको सुनिस्चितता भएको)
- ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जलस्रोत तथा सिंचाइ विभागको रचनात्मक सहयोग तथा प्राथमिकतामा रहेको छ,
- सम्पुर्ण सरोकारवालाहरुको सकारात्मक सहयोग आयोजनालाई मिलेको छ।

दुर्वल पक्षहरु (Weaknesses)

भेरी बबइ डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासका कमिकमजोरीहरु तथा दुर्वल पक्ष वा समस्याहरु निम्न रहेका छन्:

- नेपालका निर्मित सिंचाइ संरचनाहरु वर्षाको समयमा थप पानी (Monsoon Supplement Irrigation System) पुर्याउनको लागि विकास गरिएकोले अन्तरजलाधार बहुउद्देश्यीय आयोजनाहरुको अभावमा वर्षभरी सिंचाइ सुविधा पुर्याउन सकिएको छैन। हालसम्म कुल सिंचित क्षेत्रको ३५% मा मात्र वर्षभरी सिंचाइ सुविधा पुर्याउन सकिएको छ,
- अन्तरजलाधार बहुउद्देश्यीय आयोजनाहरुको विकासमा आवश्यक दक्ष प्राविधिक जनशक्ति मानव संसाधन प्रयाप्त मात्रमा देशमा उपलव्ध हुन सकेको छैन, यस्ता आयोजनाहरुमा बहु-आयामिक दक्षताको आवश्यक्ता पर्ने भएकोमा क्षमताको अभाव रहेको छ। यसकारण यस्ता आयोजनाहरु विकास गर्न पर्याप्त मात्रामा स्वेदेशी र विभागीय जनशक्तिको विकास गर्न नसकिएको हुनाले परामर्शदाता, निर्माण व्यवसायी तथा स्वतन्त्र परार्शदाताका लागी परनिर्भरता वढ्नुको साथै लागत समेत बढी हुने गरेको छ,
- आयोजनाको सुरुङ्ग निर्माण कार्य समय मै सम्पन्न भए पनि वांध तथा विद्युतगृह लगाएतका संरचनाहरु निर्माण कार्यको खरिद कार्य तत्कालै शुरु हुन नसक्दा ति सरंचनको निर्माण कार्य सम्पन्न हुनमा ढिलाइ हुन गएको भनि आलोचना हुन थालेको छ,
- भेरी बबइ डाइभर्सन बहुउद्देश्यीय आयोजना जस्ता ठूला आयोजनाहरु निर्माण गर्दा स्थानीयहरुको उच्च आकंक्षा हुने हुनाले ति मागहरु समयमा संवोधन तथा व्यवस्थापन गर्न नसक्दा कहिलेकाही स्थानीय समुदायको अवरोध, दण्डहिनताको अवस्था, सुरक्षा जस्ता समस्याहरु आउने गरेका छन्,

- भेरी बबइ डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासको लागि बिभिन्न निकायसंग साथै हालको संघीय संरचनामा तीन तहको सरकारसंगको समन्वयमा समेत समस्या आउन थलेको छ,

- जग्गा प्राप्तिमा विभिन्न समस्याहरु आउने गरेको, यो अत्यन्त लामो प्रकृया हुने, चलन चल्ति भन्दा र सरकारी रेकर्डमा भएको दर भन्दा धैरै माग हुने, कानूनी आधारहरु स्पष्ट नहुने, प्रमाण र ऐलानी जग्गाको अभिलेख पर्याप्त एवं भरपर्दो नहुने कारण बढि विवाद हुने भएकोले जलश्रोत, सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापनका आयोजना प्रभावित हुने गरेका छन,
- राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन गर्दा विद्यमान कानूनी, खरिद व्यवस्थापन र प्रशासनिक प्रावधानम कुनै ग्राह्यता, छुट वा विशेष सुविधा नरहेको,
- तथ्यांक संकलन, भण्डारण तथा व्यवस्थापन र निर्णय प्रकृयामा त्यसको प्रयोग गर्ने परम्परा नहुनु, यसतर्फ कम चासो तथा बजेट बिनियोजन गर्न नसकिने हुनाले यस्तो सस्कारको विकास भेरी बबइ डाइभर्सन बहुउद्देश्यीय आयोजना जस्ता आयोजनामा समेत गर्न सकिएको छैन,

- वन तथा वातावरणीय अध्ययन र सहमती प्राप्त गर्नुपर्ने विषयमा हुने ढिलाइले आयोजना प्रभावित हुने गरेको छ,
- राष्ट्रिय गौरवका आयोजनाहरु कार्यान्वयन सम्वन्धी छुट्टै कानूनी व्यवस्था नहुनु, कानूनी र प्रशासनिक प्रकृयामा छुट, सरलता र सहजीकरणको छरितो व्यवस्था नहुनु, अन्य आयोजना सरह व्यवहार गरिनु, स्थानीय समुदायका गुनासा र अवरोधको सामाना गरिरहनु पर्ने,
- आयोजना कार्यान्वयनका क्रममा शान्ति सुरक्षा, वन तथा वातावरणीय स्विकृती, चुरे तथा राष्ट्रिय निकुञ्ज एवं संरक्षण क्षेत्रमा निर्माण सामाग्रिको (गिटी, वालुवा, ढुङ्गा) व्यवस्थापनमा विशेष व्यवस्था नभएकोले निर्माण सामाग्री संकलन, वातावरणीय अध्ययन र स्विकृतीमा छिटो/छरितो (Fast track or single window) प्रकृयाको व्यवस्था हुनु जरुरी छ ।

डाइभर्सन बहुउद्देश्यीय आयोजना विकासका अवसरहरु (Opportunities)

नेपालमा भेरी ववइ जस्ता अन्तरजलाधार बहुउद्देश्यीय आयोजनाहरुको विकासबाट निम्न अवसरहरु सिर्जना हुने देखिन्छ;

- आयोजनाको विकासवाट वर्दिया जिल्लामा बबई सिंचाई आयोजनाको पुर्वाधार उपयोग गरी ३६,००० हेक्टर कृषियोग्य जमिनमा वाह्रै महिना सिंचाईका लागि नपुग हुने पानीको स्रोत २५,००० घनमिटर प्रतिसेकेण्ड उपलव्ध हुने,
- बबई मानखोला डाईभर्सन आयोजना सञ्चालग गरि वांके र वर्दिया जिल्लामा रहेको पुर्व पश्चिम राजमार्गको उत्तर तर्फ रहेको १५००० हेक्टर कृषियोग्य जमिनमा सिंचाई सेवा विस्तार भई नेपालगञ्ज कोहलपुर लगाएत वढ्दो शहरीकरण भएका क्षेत्रको खानेपानी समस्याको दिगो र भरपर्दो समाधान हुने,
- आयोजनाको विकासवाट करिव ४६.८ मेगावाट विद्युत (सुख्खा समयमा समेत) उत्पादन गर्न सकिने,
- आयोजनाले कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि भइ दिगो आर्थिक विकासमा टेवा पुर्याउने,
- आयोजना विकासवाट सार्वनजिक क्षेत्रको अनुभव तथा क्षमता अभिबृद्धि भइ भविष्यमा यस्ता थप आयोजनाहरु सहज रुपमा कार्यान्वयन गर्न सकिने,
- स्थानीय तहहरु तथा स्थानीय समुदायहरुसंग समन्वय गरि आयोजनावाट प्राप्त हुन सक्ने तत्कालिन सेवा सुविधा र दिर्घकालीन लाभ वारे आश्वस्त गराउन सके समुदायले अपनत्व लिने हुंदा आयोजना कार्यान्वयन र व्यवस्थापनमा सहज हुने ।

डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासका चुनौतिहरु (Threats/Challenges)

नेपालमा अन्तरजलाधार बहुउद्देश्यीय आयोजनाहरुको विकास गर्न निम्न चुनौतिहरु रहेका छन् ।

- सिंचाइ नीतिले वर्षैभरि सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्य लिएकोले भेरी-ववइ डाइभर्सन जस्तो महत्वपूर्ण आयोजनालाई समयमा, तोकिएको लागत तथा गुणस्तरमा सम्पन्न गर्नु,
- यस आयोजनावाट सिंचाई र जलविद्युत उत्पादन गरि मुख्य दुईवटा उद्देश्य रेहेकोले आयोजनाको सञ्चालन व्यवस्थापन मोडालिटि तय गरि सफलतापुर्वक सञ्चालन व्यवस्थापन गर्नु,
- आयोजनासंग एकिकृत रुपमा रहेको र आयोजनावाट डाईभर्ट गरिएको पानी प्रयोग गर्ने ववइ सिंचाइ आयोजनालाई पनि एकिकृत ढंगबाट विकास गर्नु साथै ववइ क्षेत्रमा भविस्यमा सिंचाइ सुविधा उपलव्ध हुने जमिन कृषिको लागि सुरक्षित राख्नु,
- स्थानीय जनता तथा सम्पुर्ण सरोकारवालको आयोजनाबाट उच्च आकांक्षा रहेकोमा स्रोत साधनलगायत विभिन्न किसिमका सिमितताको विचमा आयोजनालाइ द्रुत गतिमा विकास गर्नु,
- संघिय नेपालमा संघ-प्रदेश, प्रदेश- प्रदेश बीच र स्थानिय तह बीच उपलब्ध जलश्रोतको बांडफांडको विषयमा विवादहरु देखा पर्न थालेका छन यस सम्वन्धमा यस आयोजना पनि दुईवटा प्रदेशमा अवस्थित रहेकोले संघ, प्रदेश र स्थानिय तह बिच उपयुक्त समन्वय तथा प्रतिफल वांडफाटको विषयमा भविस्यमा हुनसक्ने द्वन्द व्यवस्थापन गर्नु,
- यस आयोजना, जलाधार क्षेत्र तथा कमाण्ड क्षेत्र समेतमा जलवायु परिवर्तनको कारणबाट पानीको उपलब्धता आएको फेरवदल (कमि), बाढी, पहिरो, भुक्षय जस्तामा भएको फेरबदल र त्यसवाट स्थानीय मौषम, पर्यावरण तथा जलचर माथि उत्पन्न हुनसक्ने जोखिम सम्वन्धमा प्रयाप्त अध्ययन गर्नु र सोको उपयुक्त व्यवस्थापन गर्नु चुनौतीपूर्ण रहेको छ।

आयोजनाको आगामी रणनीतिक योजना

नेपाल सरकारले यस क्षेत्रको दिर्घकालीन लक्ष्य र उच्च महत्वाकांक्षाका साथ शुरु गरेको यो आयोजना निर्माणमा विभिन्न कारणले अपेक्षित अवधीमा सम्पन्न हुन नसके तापनि अद्यावधिक गुरुयोजनाले तोकेको अवधी भित्रै सम्पन्न गरि विद्युत प्रशारणको एकिकृत राष्ट्रिय प्रशारण प्रणालीमा उत्पादित विद्युत प्रशारण

गर्ने एवं बबई नदीमा ४० घनमिटर प्रति सेकेण्ड जलप्रवाह थप गर्ने र बबई मानखोला डाईभर्सन आयोजना समेत शुरु गर्ने रणनीतिक लक्ष्य लिएको छ। नेपाल सरकारवाट मिती २०८२।१२।१३ मा जारी शासकीय सुधार सम्वन्धी नेपाल सरकारको १०० वुंदे कार्यसुचिले तय गरेका लक्ष्यहरुको मर्म तथा ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयवाट मिती २०८३।०१।०३ मा जारी ३२ वुंदे निर्देशानुसार आगामी दुई वर्ष भित्र आयोजना सम्पन्न गर्नका लागि चालु ठेक्काहरुमा देखिएका समस्याहरुको पहिचान गरि तिनको प्राथमिकिकरण तथा तहगत सम्वोधन अन्तराष्ट्रियस्तरको वोलपत्रका आधारमा परामर्शदाता छनौट गरि आयोजनाका कार्यहरुलाई गुणस्तरिय तथा समयमै सम्पन्न गर्ने तर्फ तदारुकता लिईने छ। आयोजनावाट उत्पादित विद्युत राष्ट्रिय प्रशारण प्रणालीमा आवद्द गर्न प्रशारण लाईन सम्वन्धी वातावरणीय अध्ययन (EIA) कार्य २०८३ चैत्र महिना भित्र पुरा गरि १८ महिना भित्रै सम्पन्न गर्ने गरि निर्माण ठेक्का प्रकृया अगाडि वढाईने छ। आयोजनाका तालुक निकायहरुसंगको समन्वय तथा प्राप्त निर्देशन अनुसार आयोजनालाई चुस्त दुरुस्त तथा गतिशिल एवं लक्ष्य प्राप्तीमा सहजीकरणका लागी आवश्यक नीतिगत कानूनी संरचनागत तथा मानव स्रोत सम्वन्धी सहजीकरणको प्रत्याभूति लिन अधिकतम प्रयत्न गरिने छ।

राष्ट्रिय गौरव आयोजनाको प्रगति ढांचा (समष्टिगत प्रगति विवरण)

आर्थिक वर्ष २०८२।०८३ को खर्च विवरण

खर्च विवरण	विनियोजित रकम रु	खर्च रकम रु	खर्च प्रतिशत
चालु	२,८१,४९,०००।००	१,७५,२०,५०७।९१	६२।२४
पूँजिगत नेपाल सरकार	१,६७,५८,००,०००।००	१,२०,४१,३७,४१५।३४	७१।८५
पूँजिगत वैदेशिक स्रोत	०।००	०।००	०।००
कुल जम्मा	**१,७०,३९,४९,०००।००**	**१,२२,१६,५७,९२३।२५**	**७१।७०**

आयोजनाको शुरु देखि हालसम्मको आयोजनाको खर्च		
खर्च विवरण	खर्च रकम रु	स्रोत
चालु खर्च जम्मा	२२,३६,४७,१५३।९७	नेपाल सरकार
पुंजीगत खर्च जम्मा	१९,२१,७३,९१,१०८।९३	नेपाल सरकार रु १५,००,९९,५९,८४८।५१ वैदेशिक सहायता स्रोत रु ४,२०,७४,३१,२२६०।४२
जम्मा खर्च	१९,४४,१०,३८,२६२।९०	
गुरुयोजना रकम	३३,१९,६६,४२,०००।००	
हालसम्मको वित्तिय प्रगती प्रतिशत	५८।५६	

आयोजनाको वार्षिक वजेट विनियोजना तथा खर्च विवरण

आर्थिक वर्ष	विनियोजित वजेट (रु)	खर्च भएको वजेट (रु)	खर्च प्रतिशत (%)
२०६७।०६८	६३७००००००।००	५६१९७४०४।००	८८।२२
२०६८।०६९	१०४९५००००।००	२८७८७७४२।८८	२७
२०६९/०७०	२५२४४०००।००	२२५४३२९०।००	८८।७०
२०७०/०७१	५००८००००.	२३५८६७५७.५६	४०.०७
२०७१/०७२	१०३०९५३०००.	९६४०७७५९६.८१	९३.५५
२०७२/०७३	९०९९०२०००.	८०१८९८७९२.४२	८८.०२
२०७३/०७४	५०७२०६८९०.६६	४९१९७२५१८.६२	९७
२०७४/०७५	४३७०४७८०००.	४३६७०७५१९०.९३	९९.९२
२०७५/०७६	५०८२९४२०००.	३५६७९१७३२४.४१	७०.१७
२०७६/०७७	२८३५६२८९१७.	१७६६८२८२५२.२८	६२.३१
२०७७/०७८	१२५५६६१०००.	९६४०७७३९०.९१	७६.७८
२०७८/०७९	१६०६५६६०००.	११४८१३३८२३.५	७१.४७
२०७९/०८०	१०१८६८००००.	८००४९४४६०.७४	७८.५८
२०८०/२०८१	१५४४६५४०००.	१४९६३२१९२८.१७	९६.८७
२०८१/०८२	१८०१९९८०००.	१७१९४६७८६६.४२	९५.४२
२०८२/०८३	१७०३९४९०००.	१२२१६५७९२३.२५	७१.७
जम्मा	२३९१२५९२८०७।६६	१९४४१०३८२६२।९०	८१।३०



आयोजनाको लाभ प्रक्षेपण

आयोजना अध्ययनका क्रममा देखिएको अवस्था अनुसार यस वहुउदेश्यीय आयोजना निर्माण सम्पन्न पश्चात प्रत्यक्ष रुपमा प्राप्त हुने लाभहरु मध्ये मुख्य प्रमुख रुपमा विद्युत उत्पादन मार्फत प्राप्त हुने लाभ र सिंचाई सुविधा विस्तार मार्फत हुने लाभ नै हुन। यस वाहेक अप्रत्यक्ष रुपमा पर्यावरण, रोजगारी सृजना, आमोदप्रमोदजन्य लाभ तथा पर्यटन प्रवर्धन मार्फत स्थानीयस्तर देखि राष्ट्रियस्तर सम्म दुरगामी लाभहरु प्राप्त हुने प्रक्षेपण गरिएको छ। अन्तर जलाधार आयोजना भएको तथा दुई प्रदेश र यसका पालिकाहरु विच अवस्थित रहेकोले यसको दिर्घकालिन आर्थिक, सामाजिक तथा सन्तुलित राजनीतिक महत्वलाई पनि महत्वपुर्ण रुपमा लिन सकिन्छ ।

आयोजनावाट प्राप्त हुनसक्ने वार्षिक लाभ

क्र.सं.	प्रत्यक्ष लाभका क्षेत्र	अनुमानित वार्षिक लाभ (रु.)

१	जलविद्युत तर्फ ४६.८ मेगावाट विद्युत शक्ति	३८४ गिगावाट आवर विद्युत ऊर्जा उत्पादनवाट ४.०३ अर्व
२	सिंचाई तर्फ पुर्वी बबई को २१,००० हेक्टर र पश्चिम बबईको १५००० हेक्टर गरि ३६,००० हेक्टर क्षेत्रमा सिंचाई सुविधा बबई मानखोला डाईभर्सन मार्फत वांकेमा ९,००० हेक्टर वर्दियामा ६,००० गरि थप १५,००० हेक्टर क्षेत्रमा सिचाई सुविधा	५१,००० हेक्टर सिंचाई सुविधावाट ३.१३ अर्व
	जम्मा	**७.१३ अर्व**



फोटोहरु २: टिविएम प्रयोगवाट सुरुङ्ग निर्माण प्रकृया



फोटो ३: बांधस्थल निर्माण सम्पन्न पश्चात देखिने स्वरुपमा क्याड मोडेल

फोटोहरु ४: बांधस्थलमा पायर निर्माणको क्रम

फोटो ५: सुरुङ्ग प्रवेशद्वारमा फरवे निर्माण कार्य (वांया) र पायर निर्माण कार्य सुपरीवेक्षण (दांया)



फोटो ६ : विद्युतगृह **(Powerhouse)** रुपरेखा तथा निर्माण कार्य

फोटो ७: सर्जसाफ्ट निर्माण अवस्था

फोटो ८: निर्माणस्थलमा हाईड्रोमेकानिकल उपकरणहरु **Stoplog and Penstock pipes**

फोटोहरु ९: इलेक्ट्रोमेकानिकल निर्माण कार्य अन्तर्गत आयोजनाको प्रस्तावित **Turbine Runner** कार्य**, Hanzhou, China**

फोटोहरु १०: विद्युतगृहका लागी **Installation Grounding Works (वांया)** र वांधस्थलका लागी **Radial Gate (दांया)**

फोटोहरु ११: आयोजनामा भएका केहि पछिल्ला उच्चस्तरिय भ्रमणका झलकहरु